# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-५६, चैत, २०७४


## भित्र


सुशासन तथा जवाफदेहीता अन्तर्क्रिया....................................२

भव्य रूपमा मनाइयो महिला दिवस ..........................................३

सामाजिक परिवारको सहयोग आदानप्रदान....................................४

भूकम्पपीडितको सार्वजनीक सुनुवाई ........................................६

वडाध्यक्षसँग अन्तर्क्रिया..........६

हाजिरीजवाफ सम्पन्न..............७

आफू भलो त जगतै भलो ........८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org





# जनप्रतिनिधिसँग अन्तर्क्रिया

धादिङ : धादिङको थाक्रे गाउँपालिका-७ को वडा कार्यालयमा 'सुशासन तथा जवाफदेहीता' विषयमा अन्तर्क्रिया गरियो। समग्र विकास सेवा केन्द्रको आयोजनामा ०७४ चैत्र १५ गते सम्पन्न उक्त अन्तर्क्रियामा वडा अध्यक्ष रामकुमार बस्नेत, वडा सदस्यहरू, राजनैतिक दलका प्रतिनिधिहरू, सामाजिक परिवारका प्रतिनिधिहरू र अन्य संघ-संस्थाका प्रतिनिधिहरू गरी ६४ जना सहभागी थिए।

अन्तर्क्रियामा समग्र विकास सेवा केन्द्रका जिल्ला संयोजक रुद्रनाथ कोइरालाले संस्थाले थाक्रे गाउँपालिकामा सञ्चालन गर्दै आइरहेका कार्यक्रम तथा गतिविधिहरूबारे जानकारी गराए । वडा अध्यक्ष रामकुमार बस्नेतले वडा कार्यालयबाट सञ्चालन भइरहेका र हुने सेवा-सुविधाका विषयमा सहभागीहरूलाई जानकारी गराएका थिए। कार्यक्रममा समग्र विकास सेवा केन्द्रका गतिविधि, सामाजिक परिवारका गतिविधिहरू तथा वडा कार्यालयबाट भए-गरेका कार्यहरुका विषयमा दोहोरो छलफल गरिएको थियो ।

सहभागीका तर्फबाट थाक्रे कालिका सामाजिक परिवारकी अध्यक्ष रैमाया चपाइले भनिन्, 'सामाजिक परिवारमा आवद्ध भएपछि अवलोकन भ्रमणको क्रममा काठमाडौं र तराई घुमियो । हामी राजमार्ग छेउमा भएर पनि अन्धकारमै रहेछौं। समग्र विकास सेवा केन्द्रले गर्दा आज म बोल्न सक्ने र नयाँ कुरा गर्न सक्ने भएको छ। कोषमा वचतको रकमले घर व्यवहार चलाउन सहयोग पुगेको छ। म समग्र विकास सेवा केन्द्रको सहयोगमा बनेको सामाजिक परिवारमा बसेपछि हामी चेपाङको आँखा खुलाएको छ । त्यसैले सबै मिलेर योजना बनाएर काम गरौं । यसमा सबैको भलो छ।'


*बाँकी पृष्ठ ६ मा*

# सुशासन तथा जवाफदेहीता अन्तर्क्रिया

**लमजुङ :** लमजुङको मर्स्याङ्दी गाउँपालिका- २ स्थित भाँचे सामुदायिक भवनमा २०७४ फागुन २९ गते 'सुशासन तथा जवाफदेहीता' विषयक अन्तर्क्रिया सम्पन्न भयो । अन्तर्क्रियामा वडा कार्यालयबाट प्रदान गरिने सेवा-सुविधा तथा वडामा काम गर्ने सामाजिक संघ-संस्थाका गतिविधिबारे छलफल भएको थियो ।

अन्तर्क्रियामा सामाजिक कार्यकर्ता छकमान बि.क.ले समग्र विकास सेवा केन्द्रका कार्यको प्रसंशा गर्दै भने, 'सामाजिक परिवार सुन्दैमा आनन्द आउँछ ।

कसैले आमा-समूह बनाए कसैले दतिल समूह बनाए तर समग्र विकास सेवा केन्द्रले सामाजिक परिवार बनाएको छ, जसमा समाजबाट हेपिएका चेपिएका दलित विपन्न, सीमान्तकृत महिला-पुरुष दुवैलाई राखेर कार्यक्रम सञ्चालन गरेको छ । हामीलाई बोल्न सक्ने बनाएको छ ।'

लालीगुराँस सामाजिक परिवार अध्यक्ष आइतजंग बि.क.ले अन्तर्क्रिया कार्यक्रम सान्दर्भिक भएको बताउँदै भने, 'अन्य कार्यक्रमभन्दा यो अति पृथक छ । सुरुमा समग्र विकास सेवा केन्द्रले काम गर्दा ठूलो कुलो पनि खनिदिएको थियो । पछि विकासका कामभन्दा सेवा कार्यतर्फ र मानवभित्र अन्तर्निहीत क्षमता प्रस्फुटन गराई सरकारी निकायबाट सेवा लिनसक्ने बनाउन सशक्तीकरणमा जोड दियो । यसमा हामी अत्यन्तै खुशी छौं ।'

उनले सविस्तार बताए, 'गाउँपालिकामा पनि ज्येष्ठ नागरिक कृषक भनेर समूह गठन भएको छ तर दलितको समिति छुट्टिएको छैन । अझै गाउँमा दलितलाई अछुत व्यवहार गरिन्छ । छुवाछुत छ । पूर्णखोप मुक्त गाविस भयो । पूर्ण सरसफाई गाविस घोषणा भयो तर किन छुवाछुतमुक्त गाविस घोषण गर्न सकिएन ? छुवाछुतमुक्त गाविस घोषणा हुनुपर्छ । यस गाउँका बोल्न नसक्ने दलितको पनि समूह गठन हुनुपर्छ ।'

**गाउँपालिकाकी दलित महिला सदस्य अनिता बि.क.ले भनिन्,** 'कति महिलाहरूले नजानेको कुराहरू सिक्ने बोल्ने मौका पाए । हामीमा हालसम्म बोल्ने बानी विकास हुन सकेको छैन । हामी महिला बोल्न नै कोसिस गर्दैनौं । आफूलाई परिवर्तन गर्दै गाउँलाई नै परिवर्तन गर्न सक्नुपर्छ । म पनि गाउँलाई परिवर्तन गर्ने कोसिस गर्नेछु ।



तपाईहरूको हकहितको लागि अगाडि बढनेछु । अबका दिनमा पुरुष मात्र होइन, वडा अध्यक्षमा महिला पनि उठ्न सक्नुपर्छ । यसअघि १५ महिना बितिसक्दा कार्यक्रम सञ्चालन गरेर बोल्ने अवसर पाएको थिइनँ । यसमा मैले बोल्ने अवसर पाएँ । यसरी नै तपाईहरू पनि उठेर आफ्नो स्थानबाट बोल्ने कोशिस गर्नुहोला ।'

**मर्स्याङ्दी गाउँपालिका सदस्य कृष्णबहादुर बि.क.** : समग्र विकास सेवा केन्द्रले समुदाय र सरकार जोड्ने सराहनीय काम गरेको छ । सुशासन भन्ने बित्तिकै असल काम भन्ने बुझिन्छ । हामीले घर परिवारदेखि समुदायसम्म असल कामको लागि सुशासन जरुरी छ । समग्र विकास सेवा केन्द्रले गरेका काम अरु संघ संस्थाले गरेको भौतिक पुर्वाधारको काम झट्ट देखिन्छ तर मानवअधिकारसँग सम्बन्धित विषयमा कुरा गर्ने र बोल्न अत्यन्तै जटिल हुँदोरहेछ ।




**मर्स्याङ्दी गाउँपालिका-२ का वडा अध्यक्ष चेतजङ्ग गरूडले भने** : समग्र विकास सेवा केन्द्रले मर्स्याङ्दी गाउँपालिकामा जननिर्वाचित प्रतिनिधिहरूसँगको अन्तर्क्रिया कार्यक्रम गरेकोमा धन्यवाद दिन्छु । मत माग्ने बेलामा जनताको सुखदुःखमा साथ दिन्छौ भनेर बाचा गरेका छौं तर देखिने काम गर्नसकेका छैनौं । हामीले गरेका वाचा सबै पूरा गर्ने कोशिस गर्नेछौं । हिजोको दिनमा सेवा माग्न जाँदा पैसा माग्ने चलन थियो । अबका दिनमा कसैले पैसा मागेमा मलाई भन्नू, म कारबाही गर्नेछु । आफूले जानेसम्म तपाईहरूको कामलाई अडकाएको छैन । अब मेरो टीमबाट गल्ती भएमा माफी चाहन्छु । जातीय विभेद भन्ने कुरा जति चर्कायो, उति चर्किंदै जान्छ । यो नेपालको संविधानले नै मनन् गरेका कुरालाई हामीले नचर्काऊँ ।



पुरुषहरूले काम गर्दा धेरै ज्याला र महिलाले गर्दा कम भन्ने विभेद किन भयो ? पुरुष प्रधान समाज भएकोले यसो भएको हुनसक्छ । महिला-महिला सासू र बुहारीबीच विभेद पनि चिर्नुपर्छ । यहाँ भाषण गर्ने ठूल्ठूला कुरा व्यवहारमा उतार्न गाह्रो छ । विभेद हटाउन हामी आफैँबाट सुरुवात गर्नु पर्छ । पहिला गाउँविकास समितिबाट हुने काम अब वडामै हुन थालेको छ । स्थानीय सरकार आएको छ । गाउँबासीलाई हामीले दिने सेवा हो । हामीले आफ्नो काम कर्तव्य र अधिकारभित्र रहेर काम गर्नेछौं । वडा र गाउँमा कानुन बनाएर न्यायिक ढंगले काम गर्नेछौं ।

उक्त अन्तर्क्रियामा मर्स्याङ्दी गाउँपालिका वडा १ र २ को वडा अध्यक्ष, सदस्यहरू, वडा सचिव, सामाजिक परिवारका प्रतिनिधि, समग्र विकास सेवा केन्द्रका कर्मचारी तथा अन्य गरी ६२ जना सहभागी थिए । कार्यक्रम मर्स्याङ्दी गाउँपालिका वडा-२, भाँचेका चेतबहादुर गुरुङको अध्यक्षतामा सञ्चालन भएको थियो ।

(सुशासन तथा जवाफदेहीता अन्तर्क्रिया पृष्ठ ६ मा पनि )

# भव्य रूपमा मनाइयो महिला दिवस

**सप्तरी**: समग्र विकास सेवा केन्द्रको आयोजनामा 'आर्थिक सशक्तीकरणसहितको सामाजिक जागरण, ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण' भन्ने नाराका साथ मिति ०७४ फागुन २४ गते विभिन्न संघ-संस्थाहरूले संयुक्त रूपमा १०८ औ अन्तर्राष्ट्रिय महिला दिवस मनाएका छन् ।

राजविराजको शिव मन्दिरको प्राङ्गण निकालिएको र्‍यालीले राजविराज नगरपालिका परिक्रमा गरेपछि जिल्ला समन्वय समितिको सभा हलमा पुगेर कार्यक्रम गरिएको थियो । कार्यक्रममा महिला तथा बालबालिका कार्यालयका भावना घिमिरेले भनिन्, 'बलात्कार, घरेलु हिंसाका घटनाहरू धेरै भइरहेका छन् । यी घटनाहरू अहिले पनि प्रहरी प्रशासनसम्म पुगेका छैनन् । बलात्कारका घटनाहरू गाउँघरमा मिलाउने गरिएको छ । केही घटनाहरू प्रहरी प्रशासनसम्म पुगे पनि राजनैतिक दलको दबाबमा मिलाउने गरेकोले पीडितहरूले न्याय पाउन सकेका छैनन् ।' कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधि तथा पत्रकारले आ-आफ्नो धारणा राखेका थिए ।

**सिरहा** : सिरहाको कर्जन्हा नगरपालिका वडा नं. १ स्थित रत्नपुर गाउँमा मनकामना सामाजिक परिवार, प्रगति सामाजिक परिवार र हलेसी सामाजिक परिवारका सदस्यहरूले पनि महिला दिवस र्‍याली र सभा गरी मनाएका छन् ।

कार्यक्रमको सुरुमा ३४ महिला र नौ पुरुष गरी ४३ जनाले कर्जन्हा सामाजिक परिवारका विभिन्न वडाहरूको घरदैलोमा महिला हिंसाविरुद्ध विभिन्न जनचेतनामूलक नारा लगाउँदै परिक्रमा गरेका थिए । त्यसपछि सो र्‍याली कर्जन्हा नगरपालिकास्थित मनकामना सामाजिक परिवारले निर्माण गरेको बाबा धर्मशालामा पुगेर कोणसभामा परिणत भयो । कार्यक्रमको प्रमुख अतिथि सोही वडाको वडा अध्यक्ष मोहनबहादुर खत्री थिए । स्थानीय मन्जुरा कार्कीले स्वागत गरेको सो कार्यक्रमबारे सिरहा जिल्ला संयोजक रामउद्गार महतोले जानकारी दिदै शान्ति निर्माण, महिला हिंसा तथा द्वन्द्व व्यवस्थापन गर्ने तरिकाको बारेमा बताए ।

वडा अध्यक्ष मोहनबहादुर खत्रीले प्रतिबद्धता जनाए, 'महिलालाई सीपमूलक तालिमका लागि बजेट छुट्याइएको छ । शान्ति निर्माण तथा स्थानीय विकासको कार्यमा महिलाको उल्लेखनीय सहभागीको आशा छ ।' अर्का अतिथि कमलामाई स्वावलम्वन सहकारी संस्थाका अध्यक्ष फणिन्द्रप्रसाद पोखरेलले भने, 'जबसम्म महिलाले सोच बदलिँदैन, तबसम्म महिला हिंसा कम हुँदैन ।'

यसैगरी समग्रले काम गरिरहेका अन्य जिल्लाहरूमा पनि विभिन्न सामाजिक परिवारहरूले स्वतस्फूर्तरूपमा विभिन्न कार्यक्रम गरी महिला दिवस मनाएका छन् ।



# सामाजिक परिवारको सहयोग आदानप्रदान

**गोरखा** : तराईमा गठित सामाजिक परिवारका दिदी-बहिनीहरूले आफ्नो गाँस कटाएर पहाडका सामाजिक परिवारलाई सहयोग गरेका छन्। २०७२ बैशाख १२ गते मध्यान्न गएको भूकम्पको कारण गोरखालगायत १४ जिल्लामा ठूलो धनजनको क्षति हुँदा तराई-मधेशका सामाजिक परिवारले तीन गाडी खाद्यान्नसँगै गुन्द्रुकदेखि नुनसम्म गोरखा ल्याएर बाँडेका थिए।

समग्र विकास सेवा केन्द्रले 'हिमाल, पहाड, तराई, कोही छैन पराई' भन्ने नाराका साथ पहाड र तराईका विभिन्न जिल्लाहरू र काठमाडौ उपत्यकाभित्र अन्य कार्यक्रम सहित सुशासन कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । टोल-टोलमा सामाजिक परिवारमा मौकाबिहीन, पहुँचबिहीन, आवाजबिहीन, फरक क्षमता भएका, असहाय, बेसहारा, एकल महिला, दलित, पिछडावर्गहरू सङ्गठित गर्दै आएको छ। यसले क्षमता अभिवृद्धि गर्नुका साथै मर्दापर्दा सुखदुःख, बिरामी तथा सुत्केरी हुँदा सरसहयोग हुने र एकआपसमा सहकार्य गर्दै आइरहेका छन्।

सामाजिक परिवारमा आबद्ध हुँदा एकै घरपरिवार भएको अनुभूति सबैलाई हुनेगरेको पाइन्छ । त्यस भूकम्पमा कति सामाजिक परिवारका सदस्यले ज्यान गुमाए । कतिले पति गुमाए त कतिले पत्नी। कतिले बाबुआमा र छोराछोरी गुमाए। लाखौं जना घरबारविहिन हुन पुगेका थिए ।

शीत लहरबाट तराईमा मान्छे मरेको खबर आउन थालेपछि पहाडका सामाजिक परिवारहरू चूप लागेर बस्न सकेनन् । गोरखाका सामाजिक परिवारका सदस्यहरूले आ-आफ्नो गच्छेअनुसार सिरक वितरणका लागि रकम उठाए। डेढ लाख रुपैयाँ मूल्य पर्ने १२० वटा फाइवर सिरक खरिद गरियो । ढुवानी भाडा समग्र विकास सेवा केन्द्रले व्यहोर्ने गरी समग्रका जिल्ला संयोजक भरतप्रसाद श्रेष्ठको नेतृत्वमा तीन सदस्यीय टोली माघ ११ गते सिरहा प्रस्थान गऱ्यो। टोलीमा आरुघाट गाउँपालिका-९ को चापानी सामाजिक परिवारका अध्यक्ष दिलमाया गुरुङ, गोरखा नगरपालिकाको संचारमार्ग सामाजिक परिवारका सदस्य विष्णुमाया श्रेष्ठ, पालुङटार नगरपालिकाको तालदेवी सामाजिक परिवारका अध्यक्ष सुशीला परियार सहभागी थिए।

भ्रमण दल २०७४ माघ १३ गते बिहान क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतोसहित लहानको जटिमाई सामाजिक परिवारमा पुग्यो। स्थानीय मधेशी दलित मुसहर, अति विपन्न थारू सानोसानो फुसको घरमा जाडोले थरथर काम्दै कठ्याङ्ग्रेर बसिरहेका थिए-पराल ओछ्याएर गुडुल्केर । कसैको पनि खुट्टामा जुत्ताचप्पल थिएन । थोत्रो च्यातिएको कपडा लगाएका थिए। नाकबाट सिँगान बगेका बालबालिका र वृद्धवृद्धाहरू विरामी जस्तो देखिन्थे।



# तराईका बाढी/शीतलहर प्रभावित सामाजिक परिवारलाई गोरखाली सामाजिक परिवारको सहयोग

| सामाजिक परिवारको नाम | ठेगाना | गाउँ/नगरपालिका | वडा नं. | सहयोग रू. |
|---|---|---|---|---|
| अन्नपूर्ण सामाजिक परिवार | ठूलोगैरी | पालुङटार नगरपालिका | १ | १५,००० |
| फूलबारी, जनज्योति, डाँडागाउँ सामाजिक परिवार | क्यामुनटार | भीमसेन गाउँपालिका | ७ | १४,८५० |
| अन्नपूर्ण सामाजिक परिवार | आँपटार | पालुङटार नगरपालिका | १ | १०,००० |
| मिलिजुली सामाजिक परिवार | छेपेटार | गोरखा नगरपालिका | १० | १०,००० |
| सञ्चारमार्ग सामाजिक परिवार | सञ्चारमार्ग | गोरखा नगरपालिका | ६ | ८,०२० |
| भैरवी सामाजिक परिवार | फुजेल,कोर्थोक | गण्डकी गाउँपालिका | ४ | ६,६०० |
| जनजाति,नव ज्योति सा.प | धावा,बालुवाटार | भिमसेन गाउँपालिका | ४ | ६,००० |
| चापानी सामाजिक परिवार | चापानी | आरुघाट | ९ | ५,७१० |
| श्रीदेवी सामाजिक परिवार | फुजेल, फलाटे | गण्डकी गाउँपालिका | ३ | ५,००० |
| हरियाली सामाजिक परिवार | चोरकाटे | सिरानचोक गाउँपालिका | ४ | ५००० |
| सुन्दरबस्ती सामाजिक परिवार | अकलाथान | आरुघाट गाउँपालिका | ९ | ४,८६० |
| बगैंचा सामाजिक परिवार | ढापपाखा | आरुघाट गाउँपालिका | ९ | ४,०५० |
| प्रगतिशील सामाजिक परिवार | माझिटार | सहिद लखन गाउापालिका | ९ | ४,००० |
| राधाकृष्ण सामाजिक परिवार | पण्डित गाउँ | पालुङटार नगरपालिका | ४ | ३,८०० |
| गाईखुर मुस्लिम सामाजिक परिवार | ताप्ले, कोखे | गोरखा नगरपालिका | २ | ३,३०० |
| सिर्जनशील सामाजिक परिवार | मैवल | पालुङटार नगरपालिका | ३ | ३,१५० |
| एकता सामाजिक परिवार | दर्बुङ,ग्याजा | गण्डकी गाउँपालिका | ५ | ३,००० |
| दलित तथा जनजाति उत्थान सामाजिक परिवार | बोहोरागाउँ | पालुङटार नगरपालिका | ३ | ३,००० |
| जनआस्था सामाजिक परिवार | रातडाँडा | पालुङटार नगरपालिका | २ | ३,००० |
| कालिका सामाजिक परिवार | राउतेपानी | पालुङटार नगरपालिका | ३ | २,८५० |
| जनहित सामाजिक परिवार | दर्बुङ, मगरडी | गण्डकी गा.पा | ५ | २,६०० |
| रामचन्द्र सामाजिक परिवार | सापकोटागाउँ | पालुङटार नगरपालिका | १ | २,५०० |
| सुनदेवि सामाजिक परिवार | दर्बुङ, आँपटार | गण्डकी गाउपालिका | ५ | २,३०० |
| प्रतीक्षा दलित सामाजिक परिवार | हर्मिकोट | पालुङटार नगरपालिका | २ | २,००० |
| श्रीकृष्ण सामाजिक परिवार | एक्लेपीपल | गण्डकी गाउँपालिका | ४ | २,००० |
| मिलिजुली सामाजिक परिवार | महादेवटार | भीमसेन गाउँपालिका | ८ | २,००० |
| शिवशक्ति सामाजिक परिवार | डाँडागाउँ | भीमसेन गाउँपालिका | ४ | १,८०० |
| दलित संगठन सामाजिक परिवार | पीपलडाँडा | भीमसेन गाउँपालिका | ४ | १,५०० |
| मिर्मिरे सामाजिक परिवार | खुर्पाजुङ | पालुङटार नगरपालिका | १ | १,५०० |
| देवीस्थान सामाजिक परिवार | माझिटार | सहिद लखन गाउँपालिका | ९ | १,३०० |
| परोपकार सामाजिक परिवार | तल्लोचौतारा | भीमसेन गाउँपालिका | ४ | १,२०० |
| हिमालय सामाजिक परिवार | वड्डाँडा | पालुङटार नगरपालिका | ४ | १,१५० |
| तालदेवी सामाजिक परिवार | कालमाटा | पालुङटार नगरपालिका | ६ | १,१०० |
| लालुपाते सामाजिक परिवार | वड्डाँडा | पालुङटार नगरपालिका | ४ | १,००० |
| लालीगुराँस सामाजिक परिवार | न्यौपाने खोला | पालुङटार नगरपालिका | ४ | १,००० |
| अन्नपूर्ण सामाजिक परिवार | न्यौपाने खोला | पालुङटार नगरपालिका | ४ | १,००० |
| जम्मा रु. | | | | १,४७,१४० |

त्यो अवस्था देख्दा यस पहाडबाट जाने सामाजिक परिवार प्रतिनिधिहरूले आँखाबाट आँसु खसाल्दै भने, 'यस्तो दूरावस्था थाहा भएको भए हामीकहाँ पुरानो कपडा त थियो, त्यही भए पनि लिएर आउँथ्यौँ भन्दै पश्चात्ताप गरे ।'

कार्यक्रम सञ्चालन गर्दै दुर्गाप्रसाद महतोले भने, 'गोरखाको सामाजिक परिवारलाई आपत पर्दा तराईले सहयोग गरेको छ । तराईलाई शीतलहर, बाढीका कारण गास, बाँस र कपासको आवश्यकता पर्दा पहाड गोरखा जिल्लाका सामाजिक परिवारहरूले तराईको गुन तिर्न यो फाइबर सिरक लिएर आउनुभएको हो ।'

१२ नम्बर वडा अध्यक्ष बद्रीनारायण चौधरीको प्रमुख आतिथ्यमा र कार्यपालिका सदस्य प्रमिलादेवी सदाको उपस्थितिमा राहत वितरण गरिएको थियो ।

वितरण टोली लहान-२२ स्थित प्रगति सामाजिक परिवार पुग्दा त्यहाँको अवस्था झन् नाजुक थियो । उक्त बस्तीमा सरकारी निकायको मान्छे कोही पुगेको थिएन । प्रगति सामाजिक परिवारका लालदेवी सदाले भनिन्, 'सरकारले दिने सेवासुविधाबारे थाहा छैन ।' वडा अध्यक्ष विन्देश्वर यादवको आतिथ्यमा सिरक वितरण गरियो । सिरक २२ वटा सिरक थिए, माग धेरै नै थियो । अति विपन्न छानेर वितरण गर्नु बाध्यता बन्यो । नपाउनेहरूले मातृभाषामा वडा अध्यक्षलाई गाली गरे । वडा अध्यक्ष यादवले भने, 'नगरपालिका सरकार आएपछि सबैको माग पूरा गर्ने वाचा गर्छु । सहयोग गर्ने समग्र विकास सेवा केन्द्रलाई धन्यवाद दिन्छु ।'

सिरहाकै लहान नगरपालिका-१६ स्थित तरेगना सामाजिक परिवार पुगेर १२ थान सिरक वितरण गरियो । राजाजी सामाजिक परिवारका अध्यक्ष सुमित्रा ढुङगानाले कार्यक्रमको समापन गरेकी थिइन् ।

उता, सप्तरीको सुरुङ्गास्थित महावीर सामाजिक परिवारका सदस्यहरूको अवस्था नाजुग थियो । सबै सामाजिक परिवारका सदस्य र उनीहरूका बालबालिका कुपोषणग्रस्त देखिन्थे । त्यस ठाउँका १८ घरपरिवारलाई न्यानो कपडा वितरण गरिरहँदा ६५ वर्षीय वृद्ध भोला सदा लुगलुग काँम्दै विलौना गर्दै कार्यक्रमस्थल सामुदायिक भवन आइपुगे र भने, 'मलाई पनि जाडो भयो । खानलाई अन्न छैन, लगाउने पनि यत्ति हो । मेरो घर त्यही हो, हजुर । श्रीमती मरेको ७ वर्ष भयो । २ छोरा, २ छोरी र ३ नाति ३ नातिना छन् । हजुर, के गर्ने ? गरिबलाई कसैले हेरेन । बिरामी छु, उपचार गर्न पैसा पनि छैन ।' त्यसपछि दुई वटा सिरक थप गरी त्यहाँ २० वटा सिरक वितरण गरियो । शम्भुनाथ नगरपालिका र कञ्चनरूप नगरपालिकाका सामाजिक परिवारहरूमा पनि सिरक वितरण गरियो ।

# भूकम्पपीडितसँग सार्वजनिक सुनुवाइ




**लमजुङ** : समग्र विकास सेवा केन्द्रको आयोजनामा लमजुङको बेसीशहर नगरपालिका वडा नं १ उदीपुरको सामुदायिक भवनमा सार्वजनिक सुनुवाइ सम्पन्न भयो। वडा अध्यक्ष बलराम श्रेष्ठको अध्यक्षतामा कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख, पुनर्निर्माण प्राधिकरणका प्रमुख, सहरी विकास तथा भवन डिभिजन कार्यालयका अधिकृत, इञ्जिनीयर, पत्रकार, सामाजिक परिवारको प्रतिनिधि, अन्य सरोकारवाला र समग्र विकास सेवा केन्द्रका कर्मचारीसहित अन्य गरी ९० जना सहभागी थिए।

उक्त सार्वजनिक सुनुवाइमा बोल्दै जिल्ला समन्वय समिति लोकराज पाण्डेले भने, 'बोल्न नसक्नेको आवाज सुनिनुपर्छ। गुनासो फाराम आएपछि भर्नुहोला । ज-जसको घर भत्केको छ, त्यसले किस्ता पाउनैपर्छ । सरकारले बनाएको नीतिअनुसार पाँच जना मान्छे मरेकोलाई दोस्रोमा पारेकाले हामी दोस्रोमा पर्यौं । घर बनाउदा १२/१२ को खम्बाको मापदण्ड पछि आएको हो । हिजो यस्तो थिएन। वडाबाट आएका सिफारिसहरू हामी कति पनि रोक्ने छैनौं ।'

कार्यक्रममा पुनर्निर्माण प्राधिकरणका शिव रेग्मीले मन्तव्य राखे, 'पुनर्निर्माणको काम सुरु भएको १५ महिना बितिसक्यो हालसम्म यस सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना कसैले गरेको थिएन। समग्र विकास सेवा केन्द्रलाई धन्यवाद, सार्वजनिक सुनुवाइ गरेकोमा। लमजुङमा पहिलो किस्ताको रकम सबै सेवाग्राहीको खातामा गइसकेको छ । दोस्रो किस्ताका लागि जम्मा सात जनाको मात्र नाम परेको छ । पहिलो किस्ताको रकम खाएर वर्ष दिनसम्म पनि दोस्रो किस्ताको सम्झौतामा गएन उसले लगेको पहिलो किस्ता पनि फिर्ता गर्नुपर्छ । घर बनाउन उपयुक्त स्थान नभएमा पनि सरकारलाई फिर्ता गर्नुपर्ने हुन्छ ।'

सहरी विकास तथा भवन डिभिजन कार्यालयका सचिन्द्रकुमार देवले भने, 'सहरी विकास तथा भवन डिभिजन कार्यलयले सम्पर्क व्यक्ति रूपमा शिव रेग्मी सरलाई राखेको छ। जिल्लाभरिमा पूर्ण क्षति भएका जम्मा ५०६ घरलाई निकासा दिन ठीक छ भनेर पठाएको छ । ११४ घरको विवरण पठाउन बाँकी छ। पहिलो किस्ता सरकारले पठाइसकेको छ । उक्त रकम पनि लिन आउनुभएको छैन। पहिलो किस्ता लगेर घर निर्माण गर्नेहरू जम्मा पाँच-सात जना मात्र छन् ।'

कार्यक्रमको अध्यक्षता गरेका वडा अध्यक्ष बलराम श्रेष्ठले समारोह समापन गर्दै भने, 'भूकम्प गएको दुई वर्षपछि प्राधिकरण आएको छ । पहिला घर बनाइसकेका छौं । यहाँ सुकुम्बासीहरू पनि छन् । उनीहरू आफू बसेको ठाउँ छाड्न चाहँदैनन् ।'

कार्यक्रममा सहभागी सरोकारवालाहरूले भूकम्पप्रतिरोधी घर निर्माणमा परेका समस्या, रकम निकासाका झञ्झटहरू तथा समस्याबारे अवगत गराएका थिए। ●

# वडाध्यक्षसँग अन्तर्क्रिया

**सप्तरी** : सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. १ स्थित कामना सामाजिक परिवारमा वडा अध्यक्ष विष्णुबहादुर कार्की र पशु सेवा कार्यालयका प्राविधिक अजय चौधरीसँग २०७४ फागुन ७ गते अन्तर्क्रिया कार्यक्रम गरियो । कामना सामाजिक परिवारका अध्यक्ष ऐश्वर्य मगरको अध्यक्षतामा भएको कार्यक्रममा महिला ३२, पुरुष ११ गरी ४३ जनाको सहभागिता थियो ।

कार्यक्रममा वडा अध्यक्ष कार्कीले वडाबाट दिने सेवा सुविधा बारे जानकारी गराएका थिए । पशु सेवा कार्यालयका प्राविधिक अजय चौधरीले पशु कार्यालयबाट दिने सेवासुविधाका बारे र उन्नत जातका पशुपालन कसरी गर्ने भन्नेबारेमा जानकारी गराएका थिए ।

सामाजिक परिवारका सदस्यहरूले आफूलाई परेको पीरमर्का र विकास निर्माणमा वडाको भूमिकाका बारेमा वडा अध्यक्षलाई जानकारीसमेत गराएका थिए । ●

# सुशासन तथा जवाफदेहीता अन्तर्क्रिया




**सप्तरी :** समग्र विकास सेवा केन्द्रको आयोजनामा तिरहुत गाउँपालिका वडा नं. ५ मा २०७४ फागुन ८ गते सुशासन तथा जवाफदेहीतासम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका सहभागी कृष्ण सामाजिक परिवारका सदस्य देवकी सदाले आफ्नो टोलको सामाजिक परिवारको योजना समावेश नगरेकोमा गुनासो राखेकी थिइन् ।

कार्यक्रममा शहरी विकास कार्यालयको २०७४/७५ को लागि तिरहुत गाउँपालिका वडा न ५ का लागि जनता अवास कार्यक्रमअन्तर्गत ६ वटा गरिब परिवारका लागि घर बनाइदिने बजेट आएको जानकारी गराएका थिए ।

वडा नं ५ का वडा अध्यक्ष रामानन्द चौधरीले चालु आर्थिक वर्षको बजेटमा समुदायबाट माग भएका योजनाहरू समावेश गरेको जानकारी गराएका थिए। उनले भने, 'गरिब दलित बालबालिकालाई विद्यालय पठाउन सबैलाई आग्रह गर्छु। जबसम्म शिक्षामा गरिब दलित बालबालिकालाई अगाडि बढाउन सक्दैन, तबसम्म सामाजिक परिवार सफल भएको मान्न मिल्दैन ।' उनले स्वास्थ्य कार्यालयबाट निःशुल्क औषधि वितरण गरिरहेका पनि बताएका थिए। कार्यक्रमबारे समग्र विकास सेवा केन्द्रका जिल्ला संयोजक अरुणकुमार चौधरीले जानकारी गराएका थिए भन्ने उद्घोषण सह-उत्प्रेरक चितनारायण रामले गरेका थिए ।

शंकर सामाजिक परिवारका अध्यक्ष तेतरदेवी सदाको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं ५ का वडा अध्यक्ष रामानन्द चौधरीको प्रमुख अतिथि थिए। कार्यक्रममा शहरी विकास कार्यालयका प्रतिनिधि, नागरिक समाज, पत्रकार र तिरहुत गाउँपालिका-५ का ९ वटा सामाजिक परिवारका महिला ६५ र पुरुष ३० गरी ९५ जना सहभागी थिए। ●

# हाजिरी जवाफ सम्पन्न

**सिरहा** : समग्र विकास सेवा केन्द्रको आयोजनामा २०७४ फागुन ११ गते सुरुङ्गा नगरपालिका वडा नं. १ पिप्रापश्चिममा मानवअधिकार र सुशासन विषयमा हाजरीजवाफ प्रतियोगिता सम्पन्न भयो ।

सुरुङ्गा नगरापालिका वडा नं. १ र २ का महालक्ष्मी, महिला जागरण, लालिगुरास, वरपीपल र एकता सामाजिक परिवारका ५ वटा समूहले भाग लिएको उक्त हाजिरी जवाफ प्रतियोगितामा मानवअधिकार, सेवादायी निकाय, स्थानीय सरकार र नेपालको संविधानका बारेमा प्रश्नहरू सोधिएका थिए ।

एक समूहबाट तीन जनाका दरले भाग लिएको उक्त हाजिरीजवाफमा २५ वटा प्रश्न सोधिएको थियो । प्रतियोगितामा महालक्ष्मी सामाजिक परिवार पहिलो, लालिगुराँस सामाजिक परिवार दोस्रो, वरपीपल सामाजिक परिवार तेस्रो भएका थिए ।

पहिलो,दोस्रो र तेस्रो हुने सामाजिक परिवारलाई समग्र विकास सेवा केन्द्रका तालिम संयोजक रामप्रसाद चौधरीले पुरस्कार वितरण गरेका थिए। कार्यक्रममा महिला २६ र पुरुष ५ गरी जम्मा ३१ जना सहभागी थिए । कार्यक्रम सप्तरी जिल्ला संयोजक अरुण कुमार चौधरीले संचालन गरेका थिए । ●

## जनप्रतिनिधिसँग ... .............

**कार्यक्रममा सूर्यमुखी सामाजिक परिवार अध्यक्ष रामभगत बिकले भने,** 'गाउँमा वचत उठाउने र स्थानीय कोष बढाउने साथै केन्द्रबाटआएको घुम्तीकोषको व्यवस्थापन गरी आयआर्जन गर्न पाइएको छ । हामी राजधानीनजिक छौं तापनि यो अवस्था छ । कल्पना गरौं त, टाढा-टाढा कस्तो होला ? समग्र विकास सेवा केन्द्रका कारण आय आर्जन गरी सबै सदस्यको आर्थिक क्रियाकलाप बढेर गएको छ ।'

संघ-संस्थाका प्रतिनिधि शंकर तामाङले समग्र विकास सेवा केन्द्रले गरेका कार्यक्रमबारे धेरै कुरा थाहा भएको बताउँदै भने, 'गाउँपालिका, वडा कार्यालयका साथै सबै संघ-संस्था मिलेर काम गर्न सकियो भने हाम्रो गाउँमा चाँडै विकास हुनेछ ।'

**प्रमुख अतिथि वडाध्यक्ष रामकुमार बस्नेतले** गाउँपालिकाभत्रका सबै संघसंस्थालाई पारदर्शी ढंगले सुशासन गर्न आग्रह गरे। उनले. भने, 'समग्र विकास सेवा केन्द्रले थाक्रे ७ मा कार्यक्षेत्र बनाएर काम गरेको छ । यहाँका महिला खुलेर बोलेको देख्दा भन खुशी लागेको छ । मैले योजना वनाउदा तिनीहरुलाइ हेरेर वनाएको छु। यस वडालाइ २ भागमा विभाजन गरि गरिव केन्द्रीत योजना तयार गरिएको छ। लेकलाई प्राथमिक्तामा राखेको छु । अहिले हामीले सोचेसरह काम हुन सकेको छैन। हामीसँग कर्मचारीको अभाव छ। गाउँपालिकाले दिने सेवा सुविधा जनतालाई थाहा हुनुमा समग्र विकास सेवा केन्द्रको को हात बढी छ । आगामी दिनमा सम्बन्धित ठाउँमै गएर योजना बनउँला। वडा कार्यालयले सजिलो बनाउने छ । पारदर्शितामा दृढ रहेर काम गरौंला ।' अन्तर्क्रियाको सभापतित्व समग्र विकास सेवा केन्द्रका कोषाध्यक्ष कन्चन नेघी लामाले गरेकी थिइन् । ●

# आफू भलो त जगतै भलो

धादिङको गजुरी गाउँपालिका वडा न ५, राईगाउँमा घर र माइती एकै ठाउँमा छ चमेली राईको । एक छोरा, एक छोरीकी आमा ३२ वर्षीया चमेली अहिले समाजिक कार्यमा अग्रसर हुन्छिन्। उनले सानै उमेरमा धेरै पढ्नलेख्न सकिनन् तर पनि साक्षर चाहिँ छिन् । एकहल मेलो बराबरको पाखोबारी, एउटा पाडो र १३ वटा बाख्रा पालेकी छिन् उनले । गरिब परिवारमा जन्मेकी उनको बाल्यकाल दुःखैदुःखमा बित्यो ।

पढ्ने उमेरमै बिहे भयो। त्यसपछि झन् दुःख बढेको उनको तीतो अनुभव छ । अन्यत्रका कुरा सुन्दा र आफ्नो ठाउँको अवस्था हेर्दा उनलाई खिन्न लागेर आउँथ्यो विगतमा । अहिले त्यही खिन्नता उनको लागि शिक्षा सावित भएको छ। उनलाई गाउँको उन्नतिमा लाग्ने प्रेरणा बनेको छ ।

पति र घरको कमाइले खान-लाउन, छोराछोरी पढाउन र घरखर्च चलाउन नसकी वैदेशिक रोजगारीमा गएका थिए उनका पति हिराबहादुर राई । विदेशमा पनि राम्रो कमाइ भएन । यता, घरमा चमेलीले सामाजिक परिवारको कोषबाट दश हजार रुपैयाँ ऋण लिएर घरमै खुद्रा व्यापारको थालिन् ।

पसल राम्रै चल्यो । मासिक १०-१५ हजार रुपैयाँ कमाइ हुन थाल्यो । उनमा हौसला बढेर आयो। व्यवसाय विस्तार गर्ने सोचिन्। अनि पति हिराबहादुरलाई विदेशबाट फिर्ता बोलाइन् । अनि व्यावसायिक कुखुरापालन थालिन्। डोजरले बारी सम्याएर कुखुरा घर बनाइन् । पहिलो चोटीमै कुखुराका १६०० वटा चल्ला हालिन् । व्यवसायको सुरुवात भयो ।

पतिपत्नीको मेहनतले पहिलो खेपमै ४ लाख रूपैयाँको कुखुरा बिक्री भयो । अब अर्को खेपको लागि तयारी गरिरहेको चमेलीले बताइन्। चमेलीका पति हिराबहादुरको पनि विदेश जाने मोह घटेको छ। उनले भने, 'पैसा अरबको माटोमा होइन, नेपाली भूमिमा छ भनी काम गर्न लागेका छौं ।' चमेली घरधन्दा, पसलको हेरचाह गर्छिन। सामाजिक काममा पनि सँगसँगै क्रियाशील छिन् ।

चमेली राई अहिले बालकुमारी सामाजिक परिवार 'क' अध्यक्ष छिन् । बालकुमारी सामाजिक परिवार नै तीन वटा बने- उनको पहलमा । बालकुमारी सामाजिक परिवार क, ख, र ग गरी ३ वटा उनकै समयमा बने । पहिला बोल्न, हिँड्न लजाउने डराउने सदस्यहरु अहिले प्रतिस्पर्धामा उत्रले क्षमता राख्छन् ।



**चमेली राई , अध्यक्ष, बालकुमारी सामाजिक परिवार**
**गजुरी गाउँपालिका -५, धादिङ**

सुरुमा बालकुमारी सामाजिक परिवार गठन गर्न खोज्दा कोही पनि अध्यक्ष बस्न नमानेका कारण उनी अध्यक्ष बसेकी थिइन्। सबैलाई सामाजिक परिवारबारे बताउँदै गइन् । सामाजिक परिवारमा विभिन्न प्रकारका तालिम, भ्रमण तथा मानवअधिकारका कार्यक्रमहरू अगाडि बढे ।

सबै ठाउँमा आलोपालो सहभागिता जनाउँदै गए । सामाजिक परिवारमा सदस्यहरूको सहभागिता बढ्न थाल्यो । चमेली अहिले आएर प्रयास नेपालको कार्य समितिको सदस्य ,सरस्वती आधारभुत विद्यालयको व्यवस्थापन समितिको सदस्य, राईगाउँ खानेपानीको सदस्य, राईगाउँ लिफ्ट सिंचाइ आयोजनाको कोषाध्यक्ष, नवजीवन साना किसान सहकारी संस्थाको अन्तर समूहको अध्यक्ष भएर काम गरिरहेकी छिन् । 'सामाजिक क्षेत्रमा नलाग्दा कसैले गन्दैनथे, बरु उल्टै हेप्थे । नयाँ कुरा केही पनि थाहा हुन्नथ्यो । गाउँकै मान्छेसँग पनि चिनजान हुन्नथ्यो', चमेलीले भनिन्, 'गाउँमा कति बजेट आउँछ भन्ने पनि थाहा हुन्नथ्यो। केवल कुवाको भ्यागुताको जीवन जस्तो थिएँ म ।'

सुरुमा सामाजिक क्षेत्रमा काम गर्दा परिवारमा विवाद भएको उनले सुनाइन्। उनले भनिन्, 'पहिला-पहिला त कहाँ कोसँग, किन गएकी ? के कामले गएकी ? भनेर घरपरिवारमा विवाद समेत हुन्थ्यो। सामाजिक परिवारमा बसी, घरको काम गरिनँ, फोनमा अरुका कुराहरु सुनी भनेर सासूले पनि भन्नुहुन्थ्यो ।'

अहिले त सबै ठीक हुदै गएको छ । उनी भन्छिन्, 'समाज सेवामा लाग्दा नयाँ-नयाँ कुरा थाहा पाउने, नयाँ ठाउँ घुम्न पाउने, नयाँ व्यवसाय गर्न हौसला पाउने हुँदा पुरानो कामले फाइदा नहुने थाहा भयो । आफु असल भए घर परिवार र सामजिक परिवार पनि असल हुने रहेछ भन्ने कुरा समाज सेवामा लागे पछि थाहा भयो ।' यसरी मलाई यो अवस्थामा पुऱ्याउन सहयोग गर्ने संस्था समग्र विकास सेवा केन्द्रको उन्नति-प्रगति होस्। हामी जस्ता महिलाको जीवन स्तरमा सकारात्मक विकास होस् ।